नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

पत्र संख्याः ज.यो.त.वि.शा. २०७५/२०७६

चलानी संख्याः ६५

मितिः २०७६/०३/०२

**विषयः प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको असाधारण बिदा तथा अध्ययन बिदा स्वीकृति सम्बन्धमा ।**

श्री सबै आयोग/मन्त्रालय/कार्यालय/केन्द्रीय स्तरका निकाय ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम निजामती सेवाका कर्मचारीहरु प्रदेश निजामती सेवा तथा स्थानीय सेवामा समायोजन भएका भएता पनि तत् तत् सेवा सम्बन्धी कानून बनि नसकेको कारण निजहरुको अध्ययन तथा असाधारण बिदा स्वीकृत कुन तहबाट हुने भन्ने द्वविधा रहेकोले सो विषयमा स्पष्ट निर्देशन उपलब्ध गराईदिन विभिन्न मन्त्रालय/निकायबाट अनुरोध भई आएको छ ।

सो सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ दफा १५, उपदफा (२) मा "प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी कानून नबनेसम्मको लागी यस ऐन बमोजिम समायोजन हुने कर्मचारीको सेवा, शर्त र सुविधाहरु सम्बन्धी व्यवस्थाहरु समायोजन हुनु पूर्वको सेवाका शर्त र सुविधा बमोजिम नै हुनेछ" भन्ने उल्लेख भएको छ । उपरोक्त कानूनी व्यवस्था बमोजिम साविक निजामती सेवा ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुरुप नै प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको अध्ययन तथा असाधारण बिदा सम्बन्धी विषयमा संघीय सरकारका सम्बन्धित सेवा/समूह संचालन गर्ने मन्त्रालय वा केन्द्रीय स्तरका निकायहरुले कारवाही अगाडी बढाउन सकिने व्यहोरा नेपाल सरकार (मा.मन्त्रिस्तर)को मिति २०७६/०३/०२ को निर्णयानुसार अनुरोध छ ।

(किरण थापा)
शाखा अधिकृत

बोधार्थः

श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, (सातवटै प्रदेश)।
श्री सबै स्थानीय तह ।
श्री सुचना तथा प्रविधि शाखा, **Website** मा **Upload** गरिदिन हुन ।

फोन नम्बरः ०१-४२००३६७, ०१-४२००३६८, ०१-४२००३६९ फ्याक्स नम्बरः ०१-४२००३३६